स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार दीपकराज गिरीले गणतन्त्र बागमती जस्तै भएको बताएका छन्। १८ औं गणतन्त्र दिवसको अवसर शुभकामना व्यक्त गर्दै उनले यस्तो कटाक्ष गरेका हुन्। गणतन्त्रमा भ्रष्टाचारको ढल धेरै मिसिएकोले नाक खुम्च्याउनुपर्ने अवस्था रहेको समेत उनको धारणा छ। 'गणतन्त्र बागमती जस्तो हो ' उनी फेसबुकमा अगाडि लेख्छन्, 'आस्था र विश्वास सबैलाई छ, भ्रष्टाचारको ढल धेरै मिसिएकोले मात्रै नाक खुम्च्याउनु पर्या हो।

**आजको विचार...**



शुद्धोदनमा.... (दुई पेजमा)

विष्णु घर्ती 'भनभनेली'



करिब एक महिनादेखि नेपाली सिने उद्योगकी पहिलो महिला सुपरस्टार रेखा थापा झण्डै साढे दुई दशकदेखि आफू व्यस्त रहेको क्षेत्रभन्दा फरक अवस्थामा आफ्नो दैनिक चारदेखि पांच घण्टा व्यतित गरिरहेकी छन्।

**मेलमिलापबाट विवादको समाधान गरौं ।**

मेलमिलापबाट:
- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,


विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❒ वर्ष ३० ❒ अंक ३०७ ❒ २०८२ जेठ १९ गते सोमबार 2 June 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अस्पतालमा आगलागी हुँदा ३ को मृत्यु



(रासस/एएफपी)——

**बर्लिन,** जेठ १८/जर्मनीको ह्याम्बर्गस्थित एक अस्पतालको जेरियाट्रिक वार्डको एउटा कोठामा शनिबार राति भएको आगलागीमा परी तीन जनाको मृत्यु भएको छ । घटनापछि कैयौँ वृद्धवृद्धालाई सुरक्षित स्थानमा सारिएको स्थानीय दमकल सेवाले आइतबार जनाएको छ । अग्नि नियन्त्रक लोरेन्ज हार्टम्यानका अनुसार मारिएन्क्रान्केनहास कारखानामा लागेको आगो आगो भवनको पहिलो तल्लासम्म फैलिएको देखिएको छ । उनले भने 'हिँडडुल गर्न नसक्ने धेरै वृद्धवृद्धालाई आगलागी भएको स्थानबाट करिडोरमा सारिएको थियो । अन्य बिरामीको कोठामा आगो फैलिनुअघि नै अग्निनियन्त्रकहरूले आगो नियन्त्रणमा लिन सफल भएको उनले बताए । आगलागीको कारण भने खुल्न सकेको छैन ।

# माछा मारेर गर्जो टार्नेहरु सकसमा

***दुई दशक अगाडिसम्म फाँटका खेतमा रोपाइँको समयमा माछा मारेर आफ्नो गर्ज टार्नेको सङ्ख्या ठूलो थियो । आजभोलि त्यही खेतमा पाइने जलचर प्राणी संकटमा पर्न थालेपछि माछा मारेर गर्ज टार्ने सकसमा परेका हुन ।***

**रामचन्द्र रायमाझी**——

**तानसेन (पाल्पा),** जेठ १८/जिल्लाको तानसेन स्थित माडीका जितबहादुर घर्ती माडीफाँटका खेत र स्थानीय तिनाउ खोलाबाट दैनिक तीन/चार केजी माछा मार्नुहुन्थ्यो । खेत र खोलामा मारेको माछा बेचेर गुजारा चल्थ्यो ।

उनीसँगै यहाँका अन्य केही परिवार माडीफाँट र खोलाको माछामा आश्रित थिए । केही वर्षयता भने उनीहरू माछा मार्ने पेसा बदल्न बाध्य भएका छन् । यही फाँटको बीच भाग भएर तिनाउ नदीमा मिसिने धेरै खोलामा भोटी, सिङ्गा, फकेटा, बाम, सेगीजस्ता दर्जनौं प्रजातिका माछा भेटिन्थ्यो । तर हिजोआज भने ती माछा भेटिनै छोडेपछि घर्तीलाई त्यो सपना जस्तै लाग्छ । 'खोलामा अहिले गङ्गटा त भेटिँदैन, केको माछा '! पहिला-पहिला खोलाका ढुङ्गा पल्टाउने बित्तिकै माछा र गङ्गटा देखिन्थे, अहिले त्यो छैन । खोलामा धेरै किसिमका माछा थिए, अहिले फाट्टफुट्ट मात्रै देखिने उनले सुनाए । माडीफाँट र



तिनाउ खोलामा मात्रै होइन, जिल्लाका विभिन्न साना-ठूला खोलामा पाइने माछाको संख्या घट्दै गएको पाइएको छ । जसका कारण माछा मारेरै जीविकोपार्जन गर्ने सकसमा परेका छन् । माछा मारेर जेनतेन परिवार पाल्दै आएका यहाँका केही स्थानीयलाई दिनभर मेहेनेत गर्दा पनि जलाशयमा माछा नपाइँदा जिवीकोपार्जनमा धौँ धौँ भएको छ । अन्नको भण्डारको रूपमा रहेको यहाँको माडीफाँटमा कुनै बेला खेतमा हुर्किएका रैथाने जातको भोटी माछाले जो कोहीको मन लोभ्याउँथ्यो । दुई दशक अगाडिसम्म फाँटका खेतमा रोपाइँको समयमा माछा मारेर आफ्नो गर्ज टार्नेको सङ्ख्या ठूलो थियो । आजभोलि त्यही खेतमा पाइने जलचर प्राणी सकङ्टमा पर्न थालेपछि माछा मारेर गर्ज टार्ने सकसमा परेका हन् । स्थानीय मीनबहादुर कुमालको केही वर्ष जीविका माछा मारेर नै बितिरहेको थियो । "असार लाग्नासाथ फाँटमा धान रोपाइँ हुन्थ्यो । असारदेखि कात्तिकसम्म खेतमा मारेका माछालाई आगोको रापमा सुकाएर वर्षमा १० हजारसम्म आम्दानी गर्थ्यो तर अहिले माछा पाउनै छोड्यो," कुमालले भने, "माछा बेचेरै चामल किन्ने हो, दसैंतिहारको लागि मासुको खर्च राम्रोसँग चल्थ्यो, अहिले भने विषादीको प्रयोग र करेन्ट लगाएर माछा मार्नले माछा नै पाउन छोडेको छ, जसले गर्दा परिवार पाल्नै सकस भएको छ ।"

-बाँकी अन्तिम पेजमा...




## राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानद्वारा मादल बजाउने तालिम

**पाल्पा,** जेठ १८/राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पा शाखाले मादल बजाउने तालिम सञ्चालन गरेको छ । कला, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले प्रतिष्ठानले एक हप्ते मादल बजाउने तालिम सञ्चालन गरेको हो ।



तालिम आइतबारदेखि तानसेनमा सुरु भएको छ । तालिमको तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्कीले एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरेका हुन् । तालिमको शुभारम्भ गर्दै उनले तालिमले कला, ज्ञान, सिप आर्जनसंगै संस्कृतिको संरक्षणका लागि महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने "तालिमले गाउँ छिमेकमा हुने विभिन्न कार्यक्रममा मादल बजाउने व्यक्तिको अभाव हुँदैन भन्ने हामी विश्वास लिएका छौं ।" प्रवक्ता कार्कीले स्थानीय कला, संस्कृति संरक्षणमा प्रतिष्ठानले देखाएको चासो र सक्रियता महत्वपूर्ण रहेको भन्दै आवश्यक सहयोग गर्न नगर सरकार प्रतिवद्ध रहेको बताए । तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले तालिम मादल बजाउनमा मात्र सिमित नहुने भन्दै यसले संस्कृतिको संरक्षणसँगै बाध्यवाजनको संरक्षण पनि हुने बताए । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला उपाध्यक्ष सुमन गैरे, पाल्पा व्यापार संघका उपाध्यक्ष कमल ढकाल लगायतले तालिममा सिकेका ज्ञानलाई अभ्यास मार्फत दक्ष मादल बाधक बन्न सहभागीहरुलाई आग्रह गरे । मौलिक बाजा र कला, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले मादल बजाउने तालिम सञ्चालन गरिएको प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईले बताए । उनका अनुसार मादल बजाउन सिक्न इच्छुक बालबालिका, युवा, युवती, महिला पुरुषहरुका लागि तालिम सञ्चालन गरिएको हो । तालिममा ३० जना भन्दा बढीको उपस्थिति रहेको छ । प्रतिष्ठानका उपाध्यक्ष रुपेश कार्कीले सहभागीहरुलाई प्रशिक्षण दिइरहेका छन् । उनले ७ दिनको तालिममा मादल बजाउनका लागि आधारभूत ज्ञान, सिप सिकाईने बताउँदै सिकेका ज्ञानसिपलाई व्यवहारमा उतार्नु पर्नेमा जोड दिए । तालिम शुभारम्भ कार्यक्रम प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईको अध्यक्षता, उपाध्यक्ष कार्कीको स्वागत, सह-सचिव रामकृष्ण थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बजेट प्रभावकारी कार्यान्वयन होस्

सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि बजेट ल्याएको छ । अर्थमन्त्री विष्णु पौडेलले बिहीबार १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत गरेका हुन् । यो रकम चालु आर्थिक वर्षको विनियोजित बजेटको तुलनामा ५ दशमलव ६ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८ दशमलव २ प्रतिशतले बढी हो । बजेट जस्तो सुकै भए पनि पूर्ण कार्यान्वयन महत्वपूर्ण हो । विगतमा जस्तै खर्च वा आम्दानी पुगेन भनेर मध्यावधि समीक्षाबाट संशोधन गर्नु हुँदैन । हरेक वर्ष बजेटको आकार वृद्धि गर्ने, त्यसलाई संसद्ले अनुमोदन गर्ने र विभिन्न बहाना देखाएर अर्थमन्त्रीले मध्यावधि समीक्षामार्फत संशोधन गर्ने विगतको शृंखलामा आगामी वर्ष ब्रेक लाग्नुपर्छ ।

बजेट प्रस्तुत भएपछि बजेटका विषयमा फरक–फरक धारणाहरु सार्वजनिक भइरहेका छन् । तर, समग्रमा बजेट सफल र असफल भयो भने त्यसले प्रभाव पार्ने क्षेत्र भनेको देश र समाज नै हो । देशको आर्थिक अवस्था संकटमा परेको बेला अबको बाटो के हुने भन्ने स्पष्ट कार्यक्रम बजेटमा अपेक्षा गरिएको थियो । तर, समस्याको गाम्भीर्य र भयावहता अनुरूप बजेट नआए पनि केही नयाँपन भने आएको देखिन्छ । विशेषात: आर्थिक स्थायित्व, लगानीमैत्री वातावरण र समावेशी विकासलाई समेट्ने गरी नीतिगत तथा कार्यगत उपायहरू बजेटमा अगाडि सारिएका छन् । सरकार सूचना प्रविधि क्षेत्रमा समेत निकै उदारता देखिएको छ । उद्योग स्थापनाका लागि जग्गाको हदबन्दी छुटदेखि कर सुविधासम्ममा वृद्धि गरिएको छ । नेपालीलाई विदेशमा लगानी गर्ने बाटोसमेत खुला गरिएको छ । पहिलो पटक कम्पनीमा ‘स्वेट सेयर’ र उधारो व्यापारलाई कानुनी मान्यता दिइएको छरु। सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने, नेपालमा बसी विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्र आयकर लाग्ने, १० करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई ५ वर्षसम्म आयकर नलाग्ने भएको छ । युवालाई उद्यमशील बनाउन ३ प्रतिशत ब्याजदरमा २ देखि २० लाख रुपैयाँसम्म ऋण दिइने भएको छ । महिला उद्यमीलाई नि:शुल्क कम्पनी दर्ता र कर छुट, विद्युतीय कारोबारमा शुल्क नलाग्नेलगायत व्यवस्था पनि गरिएको छ । समग्रमा बजेट फड्को मार्ने प्रकृतिको नभई प्राय: पुराना कार्यक्रमलाई निरन्तरता दिएर र केही सुधारसहितका नयाँ कार्यक्रम थपेर ल्याइएको छ । बजेटले सबै क्षेत्र समेट्ने प्रयास गरे पनि योजना कार्यान्वयन प्रमुख कुरा हो । बजेटमा समेटिने तर कार्यान्वयन नहुने पुरानो रोग अब देखिनु हुँदैन । कम्तिमा पनि विकास बजेट समयमै र गुणस्तरीय ढंगले पूर्ण रूपमा खर्च भयो भने मात्र नागरिकले पनि सन्तोषको सास फेर्नेछन् । यसर्थ सरकारले ल्याएको बजेट नीति तथा कार्यक्रमलाई आशंकाको घेरामा नराखी पारदर्शी ढङ्गले कार्यान्वयन गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

नरम र गरमको मापन आवरणले होईन स्वभावले निर्धारण गर्छ
तसर्थ त्यस्ता मान्छेहरुबाट टाढा रहनुस् जो हर समाधानमा पनि समस्या खोज्छ ।
*(केशव कुवंरको फेसबुक स्टाटसबाट www.facebook.com//Kashab.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शुद्धोदनमा सेवाप्रवाह गर्दाका सम्झनाहरू



विष्णु घर्ती ‘भनभनेली’

*कुनै पनि स्थानमा तोकिएको कार्यसम्पादन गर्नका लागि तत् तत् पक्षबाट गरिएको पृष्ठपोषण र प्रक्रियामा संलग्न रहनेहरूको सकारात्मक सहयोग नै मुख्य कडीका रूपमा रहने गर्दछ ।*

आफ्नै वरपरको गाउँ समाजमा सार्वजनिक सेवाप्रवाहमा संलग्न हुन पाउनु पनि एउटा सुवर्ण अवसर नै हो । यस अवसरलाई अब्बल बनाउन अगाडि त बढ्नै पर्दछ भने सम्वद्ध पक्ष एवम् पदाधिकारीहरूको प्रत्यक्ष भूमिका पनि अहम् नै हुने गर्दछ । यसै सन्दर्भ र समन्वयका आधारमा संस्थागत मूल्य मान्यतालाई स्थापित गर्नका लागि यस स्थानीय सरकारमा प्रशासनिक कार्यसञ्चालनको अगुवा हुने अवसरको भरपुर उपयोग गर्ने प्रयत्न गरियो । यसका लागि सरोकारित महानुभावहरूप्रति पुन: विशेष आभार प्रकट गर्दै यसै आलोकमा शुद्धोदन गाउँपालिका, मानपकडी, रूपन्देहीको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा मिति २०८०/११/२३ देखि २०८२/०२/११ सम्म कार्यसम्पादन गरिरहँदा र गर्न पहल गरेका मुख्य -मुख्य संस्थागत क्रियाकलापहरू तथा सुधारका क्षेत्र र कार्यहरू देहाय अनुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(१) शुद्धोदनको खोजविनका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय, अनुसन्धान केन्द्रसँग सहकार्य
(२)सम्वद्ध विज्ञहरूद्वारा शाक्यमुनि बुद्ध पिता शुद्धोदन सम्बन्धी ५ वटा कार्यपत्रहरू प्रस्तुत तथा छलफल र अन्तर्क्रियाको नीति र बहस सम्पन्न ।
(३) शुद्धोदनको मूर्ति, आकृति र चित्र निर्माणका लागि विज्ञ र कलाकर्मीसहितको कार्यशाला सम्पन्न
(४) शुद्धोदन सम्बन्धमा खोज अनुसन्धान गरिएका ऐतिहासिक तथ्य, तथ्याङ्क र प्रमाणहरू आदिको संकलन गरिएको विशेष प्रकाशनको लागि लुम्बिनी बौद्ध विश्वविद्यालयसँग सम्झौता ।
(५) गा.पा.को (प्रतीक चिन्ह) लोगो डिजाइनको फाइलन र लागू ।
(६) गा.पा.को नाममा व्याकरणीय शुद्धिकरण र प्रयोग
(७) गा.पा.का कार्य प्रगतिहरू समेटिएको शुद्धोदन बुलेटिनु प्रकाशन प्रारम्भ
(८)आ.व. अनुसार वार्षिक कार्ययोजनासहितको क्यालेण्डर प्रकाशन
(९)शुद्धोदनका लोक सांस्कृतिक सम्पदाहरू पुस्तक प्रकाशन
(१०) गा.पा. गान फाइनलको अन्तिम चरणमा
(११)विभिन्न सेवाका १० जना प्राविधिक कर्मचारीहरूको करार सेवा परीक्षामार्फत पदपूर्ति
(१२)वडा नं. १ को नयाँ वडा कार्यालयबाट सेवा प्रारम्भ
(१३) वडा नं. ३ को आधारभूत स्वास्थ्य इकाइको आफ्नै भवनबाट सेवा प्रारम्भ
(१४) कार्यालयको बाहिरी पर्खालमा विभिन्न सन्देश र धार्मिक स्थलको चित्रसहितको वाल पेन्टिङ्
(१५) मूल गेटको मर्मत तथा लेखन, साइनबोर्डको व्यवस्था र मूल सडकसम्म रेलिङ् निर्माण
(१६) परिसर बाहिर दायाँवायाँ, मूख्य बाटोसम्म र स्वास्थ्य चौकीसम्म झाडी सफाई
(१७) कार्यालय भवन अगाडि राष्ट्रिय झण्डा राख्ने स्थलको निर्माण र प्रयोग
(१८) शुद्धोदनको मुर्ति राख्ने स्थान निर्माण, माटो पटान तथा चाइनिज दुबो रोपण
(१९) कार्यालय अगाडि क्यारी बनाई फुलहरू तथा हेज रोपण र व्यवस्थापन
(२०) परिसर भित्र धुपी, फलफूल र जडिबुटीका विरुवा रोपण र व्यवस्थापन
(२१) कार्यालय परिसररु भित्र मौरी (५ घार) पालनको प्रारम्भ
(२२) कार्यालय भित्र प्रदेश र गा.पा.का मूख्य स्थान, धर्म, संस्कृति आदि झल्कने विभिन्न तस्बिरहरू तथा गमलाका फुलहरूको सजावट
(२३)सभारसमारोह हलमा दीर्घकालीन सोच, डिजिटल ब्यानर, राष्ट्रिय चिन्हहरू, लोगोहरू, साउण्ड सिस्टम बक्स तथा थप डेक्स र बेञ्चहरूको व्यवस्थापन
(२४) गा.पा.का चारवटै प्रवेश बिन्दूमा डिजिटल स्वागत तथा धन्यवाद बोर्डहरू जडान
(२५)मूख्य कार्यालय र गेटमा लोगोसहितको डिजिटल बोर्ड र लेखाइको व्यवस्थापन
(२६) पार्किङ स्थल मर्मत, बाहिरी भऱ्याङ् र क्यान्टिन अगाडि ट्रस्ट निर्माण तथा सरसफाई
(२७) गा.पा.कार्यालय, मातहत कार्यालय र शिक्षालयमा समेत अनिवार्य इ-हाजिरी प्रणालीको प्रयोग
(२८) इ-सिफारिस प्रणाली लागू गर्न स्वयम् सेवक छनौट सम्बन्धी परीक्षा सञ्चालन
(२९) विद्युतीय सुशासन व्यवस्थापनका लागि प्रदेशबाट नवप्रवर्तन कार्यक्रम स्वीकृत
(३०)राजस्व शाखाको स्थापना, जिम्वारी प्रदान र लेखा समितिलाई क्रियाशील
(३१) बेरुजु फछ्र्यौटमा ४ करोड बढी सम्परीक्षण, आहिलेसम्मकै उल्लेख्य प्रगति हासिल
(३२) गाउँसभाको आधवेशनमा वार्षिक नीति तथा कार्यक्रमको छपाई प्रति वितरणको व्यवस्था
(३३) सानो टिपोट कागज (पकेट डायरी) को छपाई र वितरण
(३४)विषयगत शाखाहरू, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने सेवा सम्बन्धी नागरिक बडापत्रको एकीकृत रूपमा स्थानीय सेवाप्रवाह बडापत्र प्रकाशन तथा वितरण
(३५) कार्यक्रमहरूमा व्याच, खादा, मालाको प्रयोग नगर्ने व्यवस्था
(३६) शाखागत, वडागत, प.अ.गत, सम्पूर्ण कर्मचारीगत मासिक तथा चौमासिक बैठक बस्ने र प्रगति विवरण पेश गर्ने व्यवस्था
(३७) प्रत्येक ३र३ महिनामा स्वत: प्रकाशनको आरम्भ तथा निरन्तरता
(३८) सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको जिम्मेवारी कानुन अनुसार तोकी थप क्रियाशील तथा विवरणसहितको बोर्ड राख्ने व्यवस्था
(३९) गा.पा. मातहत सबै निकायका सूचना अधिकारीहरूलाई प्रशिक्षण प्रदान
(४०) कार्यपालिका तथा गाउँसभाका जनप्रतिनिधिहरूको फोटोसहितको विवरण उल्लेख भएको फ्ल्यास बोर्ड मूख्य स्थानहरूमा व्यवस्थापन
(४१) दैनिक १० बजे राष्ट्रिय गान बजाउन प्रारम्भ र त्यसमा सरिक हुने व्यवस्था
(४२) त्रैमासिक र अर्धवार्षिक प्रगति समीक्षा नियमित रूपमा गर्ने गराउने व्यवस्था
(४३) कार्यपालिका बैठक कक्षमा राष्ट्रिय गान, नेम प्लेट र बैठक संख्यासहितको व्यानर प्रयोग
(४४) रोपाई महोत्सव एवम् राष्ट्रिय धान दिवस मनाउन शुरू
(४५) नेपाली र थारु भाषामा समेत सुन्नेवाला नागरिक बडापत्र लागू
(४६) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (LISA) मा गत वर्ष ६७ दशमलव २५ अङ्क ल्याएकोमा यो वर्ष ९० दशमलव २५ अङ्क ल्याई जिल्लामा छैटौं स्थान प्राप्त
(४७) स्थानीय तहको बित्तिय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (FRA) मा गत वर्ष ५५ दशमलव ५ अङ्क ल्याएकोमा यो वर्ष ७७ अङ्क प्राप्त
(४८) सम्वद्ध र विषयगत कानुन, नियम र प्रक्रियाहरू पालनामा जोड तथा प्रोत्साहन
(४९) सिभिल प्राविधिकहरूलाई ििबउतयउ को व्यवस्था
(५०) प्रयोगमा नरहेका दुई पाङ्गे सवारी साधनको उपयोग
(५१) जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम प्रारम्भ
(५२) बौद्ध दर्शन सम्बन्धी कार्यक्रमरकार्यशाला आरम्भ
(५३) गा.पा.को प्रथम पञ्चवर्षिय आवधिक योजनालाई अन्तिम रूप प्रदान
(५४) राष्ट्रिय तथ्याङ्क कार्यालयको सहकार्यमा विस्तृत तथ्याङ्क प्रतिवेदन तयार
(५५) कर्मचारीलाई प्रोत्साहनका लागि क्षेत्रगत रूपमा छनौट र सम्मान
(५६) नदीजन्य पदार्थको हालसम्म सबैभन्दा बढी ९१० वटा घाट० को ठेक्का लागेको
(५७) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बजेट परीक्षण
(५८) स्थानीय विपद कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन
(५९) एकीकृत घुम्ती शिविर ९विभिन्न ८ प्रकारका सेवा० सञ्चालन
(६०) कार्यकक्षहरूको नम्बर र नाम उल्लेख भएको बोर्डमा परिमार्जन तथा व्यवस्थापन
(६१) मुख्य कार्यकक्षहरूमा प्रमाण पत्र तथा उपहार भित्तामा राख्ने व्यवस्था
(६२) गैससहरूको वार्षिक बजेट तथा कार्यक्रम गा।पा।को रातो किताबमा समेट्न शुरू
(६३) गाउँसभा सञ्चालन र व्यवस्थापनका लागि सचिवालयको व्ययस्था र जिम्मेवारी प्रदान
(६४) गा.पा.को दीर्घकालीन सोच ( नारा) परिमार्जन र प्रयोग
(६५) कार्यविधि अनुसार विषयगत समितिहरूको पुनर्गठन तथा थप क्रियाशील एवम् आृनो प्रतिवेदन गाउँसभामा पेश गर्ने व्यवस्था
(६६) कार्यालयीय पत्रव्यवहार तथा लेखनहरूमा शुद्धाशुद्धि अपनाउन अभिप्रेरित
(६७) कर्मचारीले पालना गर्ने आचार संहिता पारित तथा लागू
(६८) जनप्रतिनिधिहरूलाई कार्यालयको सीम प्रयोग गर्ने गराउने व्यवस्था
(६९) कार्यालय अगाडि मूख्य सडकका निजी बोर्डहरू हटाई सार्वजनिक सन्देशहरू राख्ने व्यवस्था
(७०) शुद्धोदन पार्क अगाडि निजी व्यवशायहरू नराख्ने व्यवस्था
(७१) स्वास्थ्य सेवातर्फका फाजिल कर्मचारीहरूको पदस्थापन
(७२) नगर प्रहरी तथा सुरक्षा गार्डलाई आधारभूत तालिम प्रदान तथा गस्तीमा खटाउने व्यवस्था
(७३) वडा नं. ७ कै भवनबाट संयुक्त रूपमा चल्दै आएको वडा नं. ६ को सेवाप्रवाह आृनै वडाको स्थानबाट गर्ने गराउने व्यवस्था
(७४) विदेश र स्वदेशमा समेत भगिनी सम्बन्ध स्थापनाका प्रक्रियाहरूमा तिब्रता प्रदान
(७५) जिन्सी सामान लिलाम सम्बन्धी कार्यविधि पारित गरी सूचना निकाल्ने अन्तिम तयारी
(७६) गा.पा.मा भएरगरेका काम सम्बन्धी फिचर लेखन र प्रकाशनको अन्तिम तयारी

**अन्त्यमा**

कुनै पनि स्थानमा तोकिएको कार्यसम्पादन गर्नका लागि तत् तत् पक्षबाट गरिएको पृष्ठपोषण र प्रक्रियामा संलग्न रहनेहरूको सकारात्मक सहयोग नै मूख्य कडीका रूपमा रहने गर्दछ । एक्लोले गरेर केही पनि हुँदैन । साथ सबैको चाहिन्छ । साथ सहयोगले नै साना या ठूला सपनाहरू पुरा हुन्छन् । संस्थागत व्यवस्थापनमा पहिचानका पक्षहरूमा केही काम गर्ने प्रयास गरिएको छ । यस्ता खालका कार्यहरूले गा।पा।को स्थान केही हदसम्म उच्च बनेको देखिन्छ भने सकारात्मक सन्देश सम्त प्रवाह भइरहेको अवस्था छ । त्यसैले पनि आफूलाई धन्य सम्झदै समस्त वर्गलाई साधुवाद पनि टक्र्याउछु । जय शुद्धोदन ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धर्मकर्ममा रुचि बढ्नेछ । अरुको सहयोग गरेर मन प्रसन्न रहनेछ । | **तुला** : योजनाहरू दोहोर्याएर बनाउनुपर्ला। आफन्तहरूको साथ र सहयोग मिल्नेछ। |
| **वृष** : व्यवसायमा अनुभवको फाइदा लिन सकिएला। कृषिबाट लाभ आर्जन गर्न सकिएला। | **वृश्चिक** : नयाँ कार्य हात लाग्नेछ। पारिवारिक समस्याको समाधान मिल्नेछ। |
| **मिथुन** : मामलाहरू सुल्झिनेछन्।शेयर बजारबाट मनग्य लाभ प्राप्त होला। | **धनु** : कार्यक्षेत्रमा विवाद बढ्न सक्ला। कार्य सम्पादन गर्नमा परिवारहरूको सहयोग मिल्नेछ। |
| **कर्कट** : विरोधीहरू खुट्टा तान्ने प्रयास गर्नेछन्। सहकारी संस्थाबाट लाभ मिल्ला। | **मकर** : इमान्दारिताको परिचय दिनुहोला। योजनाहरूमा लगानी लगाउन अवसर मिल्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा कार्य पूरा गर्न सोचेभन्दा धेर समय लाग्नेछ। कसैसँग झुठो बाचा नगर्नुहोस। | **कुम्भ** : कार्य दोहोर्याएर गर्नुपर्ला। वैदेशिक यात्राको लागि सुनौलो अवसर प्राप्त होला। |
| **कन्या** :कलाको क्षेत्रमा सम्मान बढ्नेछ। आर्थिक पक्ष सबल र उद्योगस्थापित गर्न सकिनेछ। | **मीन** : कार्य गर्नुहोस् सफलता पाउनुहुनेछ। सवारी साधन चलाउँदा सावधान गर्नुहोला। |

## शिक्षा

# आधारभूत कक्षामा विद्यार्थी संख्या शून्य



म्याग्दीको बेनी नगरपालिका-१ लामगरामा रहेको युवा वर्ष आधारभूत विद्यालयको तीन वटा कक्षामा विद्यार्थी सङ्ख्या शून्य भएको छ । कक्षा चारसम्मको पठनपाठनको अनुमति पाएको विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिक सत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको सङ्ख्या शून्य भएको हो । प्रधानाध्यापक खिमबहादुर चर्माकारले बालकक्षामा चार र कक्षा एकमा तीन जना विद्यार्थी रहेका बताए । 'गत वर्ष कक्षा ४ मा तीन, ३, २ मा एक-एक एक र १ मा तीन जना विद्यार्थी थिए', उनले भने, 'चार कक्षा उत्तीर्ण भएका माथिल्लो तह अध्ययन गर्न, सारेमारे टोलबाट आउने २ र ३ का विद्यार्थी टाढा भएपछि अर्को विद्यालयमा भर्ना भए ।' कक्षा १ का विद्यार्थीको उमेर कम भएको र सिकाइ वृद्धिका लागि कक्षा दोहोऱ्याइएको र बालकक्षामा नयाँ विद्यार्थी भर्ना गरिएको प्रअ चर्माकारले बताए । युवा वर्षको सेवा क्षेत्रमा पर्ने आनन्दबगर, लामगरा, सिम र सारेमारे टोलमा भर्नाका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकले घरदैलो गरेका थिए । आनन्दबगर र सारेमारे टोल टाढा भए पनि नजिकैको लामगरा र सिमका अभिभावकले पनि बेनीका सामुदायिक र निजी विद्यालयमा पठाउन थालेपछि पछिल्लो पाँच वर्षयता विद्यार्थी सङ्ख्या घट्दै गएको व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाले बताए । लामगरा र सिममा करिब ५० घरपरिवारको बसोबास छ । अङ्ग्रेजी माध्यमबाट पठनपाठन, पुस्तकालय, बालमैत्री शिक्षण विधि, विपन्न विद्यार्थीको लागि पोसाक र शैक्षिक सामग्रीको व्यवस्था मिलाए पनि अभिभावकले वास्ता नगर्दा निराश भएको व्यवस्थापन समितिका अध्यक्ष थापाले बताए । वि.सं २०४१ मा स्थापना भएको विद्यालयमा १०० जनासम्म विद्यार्थी हुन्थे । सिकाइ उपलब्धि ९५ प्रतिशत छ । विद्यार्थी सङ्ख्या कम भएपछि गत वर्ष बेनी नगरपालिकाले एक वटा कक्षा घटुवा गरेर चार कक्षासम्म कायम गरेको थियो । उक्त विद्यालयमा हाल दुई जना स्थायी दरबन्दी, एक जना निजी स्रोतका शिक्षक र एक जना सहयोगी कर्मचारी छन् । बेनी नगरपालिकाले विद्यार्थी नभएका कक्षा घटुवा गर्ने र शिक्षकलाई नजिकको धेरै विद्यार्थी भएको विद्यालयमा व्यवस्थापन गर्ने नीति लिएको छ । युवा वर्षलगायत विद्यार्थी कम भएका विद्यालयको सघन अनुगमन गरेर आवश्यक निर्णय लिइने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताए । *-रासस*

# बजेटले शिक्षाका कार्यक्रमहरू सम्बोधन गर्न नसकेको ठहर




शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसीई) ले आर्थिक वर्ष २०८२/८३ को बजेटमा शिक्षाका ठोस कार्यक्रम समेट्न नसकेको ठहर गरेको छ। विपद्को अवस्थामा शिक्षा तथा सिकाइको निरन्तरता, प्रविधिमा आधारित सिकाइलाई प्रवोधीकरण र समावेशी शिक्षा प्रवर्द्धन गर्ने जस्ता ठोस कार्यक्रमहरू सम्बोधन गर्न नसकेको अभियानले ठहर गरेको हो । उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जेठ १५ गते बजेट प्रस्तुत गरेका थिए । जसमा शिक्षा क्षेत्रलाई २ खर्ब ११ अर्ब १७ करोड अर्थात् कुल बजेटको १०.७५ प्रतिशत छुट्टाइएको छ । आकारमा केही वृद्धि भएता पनि यस वर्षको शिक्षा क्षेत्रलाई छुट्टाइएको बजेट कुल बजेटबाट कम्तीमा २० प्रतिशत छुट्याउने सरकारको प्रतिबद्धता भन्दा निकै कम भएको ठहर गरेको छ । अघिल्ला केही वर्षहरूसँग तुलना गर्दा शिक्षा क्षेत्रमा विनियोजित बजेटको अनुपात घट्दै गएको छ । जुन नेपाल सरकारले लिएको दीर्घकालीन शिक्षा सुधारको योजना तथा सार्वजनिक शिक्षा सुदृढीकरणका लागि गरिएका प्रतिबद्धता विपरीत रहेको अभियानको ठहर छ । संविधानले व्यवस्था गरेको अनिवार्य तथा नि:शुल्क गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नु राज्यको दायित्व रहेको अभियानको भनाइ छ । चालू आर्थिक वर्षको बजेटमा शैक्षिक उत्थान कार्यक्रम, विद्यालयहरूको नक्साङ्कन, शिक्षक दरबन्दी पुनरावलोकन, विद्यालय व्यवस्थापनको सफल अभ्यासको प्रसार, शिक्षक बैंक स्थापना, दिवा खाजा तथा सेनेटरी प्याड कार्यक्रममा वृद्धि र परम्परागत शिक्षाको संरक्षण जस्ता सकारात्मक कार्यक्रमहरू समेटिएका छन् । तर, आगामी आर्थिक वर्ष २०८२-८३ को नीति तथा कार्यक्रममा उल्लेख भएका चालु सदनबाट विद्यालय शिक्षा विधेयक पारित गर्ने, विद्यालय शिक्षामा दीर्घकालीन सुशासन सुधार रोडम्याप र पुनर्संरचना, सबै बालबालिकालाई २०८४ भित्र आधारभूत शिक्षा सुनिश्चित गर्ने, सार्वजनिक शिक्षालाई प्रविधिमैत्री बनाउने जस्ता कार्यक्रमहरूमा यस बजेटले सम्बोधन गर्न नसकेको जनाएको छ । अब हुने बजेट छलफलमा शिक्षामा कम्तीमा २० प्रतिशत लगानी सुनिश्चित हुने अवस्था सृजना गर्न सरकार तथा सैंय सांसदहरूसँग माग गरेको छ । प्रदेश सरकार र स्थानीय सरकारहरू समेत आगामी आर्थिक वर्षको बजेट तयारीमा रहेकाले कुल बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गर्न समेत यस अभियानले माग गरेको छ ।

*-रातोपाटी डटकम*

# सेनेटरी प्याड बनाउन छात्रालाई तालिम



महिनावारीको समयमा प्रयोग गर्ने सेनेटरी प्याड किन्न बन्दनाकुमारी महतोलाई बुवाआमासँग आवश्यक पैसा मागिरहनुपर्ने बाध्यता टरेको छ । सिरहाको नवराजपुर गाउँपालिका-४ सोनवर्षास्थित जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्रा बन्दनाले तीनदिने तालिम पछि घरैमा आफैं प्याड बनाउन सक्ने भएकी छिन् । स-साना कपडाको टुक्राबाट महिनावारी हुँदा प्रयोग गर्न मिल्ने प्याड बनाउन जानेपछि उनले खुसी लागेको बताइन् । 'अब सेनेटरी प्याड किन्न घरमा पैसा मागिरहनु परेन । पहिला मम्मीसँग माग्थैं, अब त्यो परेन । ससाना कपडाको टुक्राबाट राम्रोसँग प्याड बनाउन सिकेकी छु', खुसी व्यक्त गर्दै बन्दनाले भनिन्, 'पकेटमा रुमाल राखे जसरी लिएर हिँड्न सक्छौं । जतिबेला जरुरी पर्छ त्यसैबेला प्रयोग गर्न सकिन्छ ।' घरेलु प्याड लगाउँदा महिनावारीको समयमा सुरक्षित हुने तरिकाबारे पनि सिकेको उनले जानकारी दिइन् । बन्दनाजस्तै रमेश महतो स्मृति जनता माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत अर्की छात्रा पूजाकुमारी चौधरीलाई पनि तालिमले निकै सहज बनाइदिएको छ । तालिमबाट प्याड बनाउन सिकेकी उनी आफूले प्रयोग गर्नेमात्रै नभएर दिदी बहिनी र आमालाई प्रयोग गर्ने प्याड घरमै बनाउने सोचमा छिन् । छात्रा पूजाको परिवारमा आमा, दिदी र बहिनीले पनि कपडाकै प्याड प्रयोग गर्नेगरेको बताउँदै उनीहरूलाई पनि घरमै कपडाको प्रयोग गरी पुन: प्रयोग गर्न मिल्ने घरेलु प्याड बनाउने तरिका सिकाई व्यवसायिक बन्न सकिने उनको भनाइ छ । उनले भनिन्, 'बजारमा विभिन्न कम्पनीका सेनेटरी प्याड उपलब्ध हुन्छन् । तर त्यस्ता प्याड सबैको पहुँचमा हुँदैनन् । त्यसैले घरमै व्यवसायिकरूपमा कपडाको प्याड बनाएर बिक्री गरेर आम्दानी लिन सकिन्छ । गाउँ घर टोल छिमेकीलाई सिकाउन सकिन्छ ।' बन्दना र पूजाजस्तै दुई विद्यालयका गरी ५३ छात्राले बुधबारदेखि शुक्रबारसम्म जनता नमूना (प्राविधिक धार) माध्यमिक विद्यालयमा तीन दिने तालिम लिएका छन् । गाउँपालिकाको आर्थिक सहयोगमा सृजनशील नेपाली युवा समूह लहानले सञ्चालन गरेको तालिमपछि कक्षा १० मा अध्ययनरत छात्रामा कपडाको प्रयोग गरी पुन: प्रयोग गर्न मिल्ने घरेलु प्याड बनाउने तरिका अरुलाई सिकाउने आत्मविश्वास बढेको देखिन्छ । महिनावारीको समयमा किशोरीमा विद्यालय आउनसमेत नसक्ने अवस्था रहने हुनाले उनीहरूको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै आफैंले बनाएको प्याड प्रयोग गर्नसके स्वास्थ्यका लागि पनि राम्रो हुने उद्देश्यले तालिम दिइएको प्रशिक्षक प्रतिभा गुप्ताले बताइन् । किशोरीहरूले महिनावारीको समयमा ध्यान दिनुपर्ने कुरा, स्वस्थ तरिकाले प्याड प्रयोग गर्ने विधिबारेसमेत तालिममा सिकाइएको उनको भनाइ छ । त्यस्तै, तालिमका अर्का प्रशिक्षक सङ्गिता चौधरले कमजोर आर्थिक अवस्थाका कारण कतिपयले बजारमा प्याड खरिद गर्न नसक्ने भएकाले कपडाको उचित तवरले प्रयोग गर्न नजान्नेको लागि तालिम प्रभावकारी भएको विश्वास व्यक्त गरिन् । उनले भनिन्, 'बजारको प्याड किनेर प्रयोग गर्न पैसा हुन्न । कपडा, सुई, धागो, टाँक, कैंची भएपछि घरेलु प्याड बनाउन सकिन्छ । त्यसैले हाम्रो लागि यो प्याड बजारको भन्दा राम्रो छ । इन्फेक्सनबाट पनि जोगाउँछ ।' ग्रामीण समुदायमा किशोरीसँग साथमा पैसा नहुने र महिनावारीको समयमा उनीहरूको पठनपाठन नै प्रभावित हुने देखिएपछि विद्यालयले तालिमको लागि सहजीकरण गरेको जनता नमूना ( प्राविधिक धार) माध्यमिक विद्यालयका प्रधानाध्यापक मुरारी शर्माले जानकारी दिए । *-रासस*

# उच्च शिक्षाको क्षेत्रमा विज्ञहरूको चासो



विश्वविद्यालय अनुदान आयोगको सहयोगमा नेपाल पब्लिक क्याम्पस संघ केन्द्रीय समिति र नेपाल हाइयर एजुकेशन फाउण्डेशनले संयुक्त रूपमा काठमडौंको बानेश्वर बहुमुखी क्याम्पसमा शनिबार 'सामुदायिक क्याम्पसहरूको स्वायत्तता समर्द्धनमा एकीकृत विधान तर्जुमाका लागि आयोजित नीति संवाद' शीर्षकमा एक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा उपस्थित विज्ञहरूले नेपालका उच्च शैक्षिक प्रतिष्ठानले स्वायत्तता प्राज्ञिक कार्यमा मात्र रहेको, अन्य क्षेत्रमा नरहेकाले विभिन्न समस्या उब्जेको धारण थियो ।

संघको तर्फबाट अध्यक्ष शत्रुघ्नप्रसाद गुप्ताको सभाअध्यक्षतामा सम्पन्न कार्यक्रमा उनले अवधारणापत्र तथा उच्च शिक्षाको समग्र तस्वीरमा सामुदायिक क्याम्पसको योगदान, सफलता आदिबारे संघका महासचिव तथा कार्यक्रमका सञ्चालक गोविन्दबहादुर कार्कीले प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा फाउण्डेशनका अध्यक्ष प्राडा.तीर्थराज खनियाले उच्च शिक्षाको वैश्विक विकासको इतिहासबारे प्रकाश पार्दै सन् १९९० बाट मात्र शुल्क उठाउने गरिएको बताए । उनका उच्च शिक्षामा योजना निर्माण, पठनपाठन अनि अनुसन्धान प्रष्ट हुनुपर्नेमा जोड दिँदै नेपालमा प्राध्यापक तथा विद्यार्थीका आन्दोलन प्राज्ञिक अजेण्डाबिनै हुने गरेको औंल्याए । राष्ट्रिय योजना आयोग सदस्य शिक्षा हेर्ने गीता पौडेल अधिकारीले स्वयं २८ वर्ष लामो पब्लिक क्याम्पसमा प्राध्यापन गराएको अनुभव साट्दै उनले कम विद्यार्थी भएका क्याम्पसहरू मर्जमा जाने मोडल अपनाउन र तोकिएको शीर्षकमै खर्च हुनुपर्ने खाँचो औंल्याए । त्यस्तै, युजीसिका सदस्य कपिल रिसालले पब्लिक क्याम्पसको एकीकृत विधान तर्जुमा गर्न समस्या नरहेको बताए । त्रिविभित्र पब्लिक क्याम्पसलाई स्वायत्तता दिइने सवालमा कानुनी सल्लाहकार नारायण खनालले सरकारले युजीसिद्वारा त्रिविलाई निश्चित बजेट ऐनमार्फत् दिने गरेको बताए । सामुदायिक क्याम्पसहरूको चासोबारे व्यवस्थापन संकायका डीन डा.महानन्द चालिसेले एकीकृत विधान बनाएर दिगोपनका लागि मर्जमा गएर ठाउँ अनुसार स्थानीय वस्तुलाई समेटेर कार्यक्रम ल्याउँदा आफ्नो सहयोग हमेशा रहने धारण राखे । फाउण्डेशन सदस्य पाटन क्याम्पसका उपप्राध्यापक मनोजकुमार कर्णले त्रिवि सेवा आयोगलाई लोकसेवा आयोगको जिम्मा लगाएर प्राध्यापकसमेत सरकारले छान्न नदिँदा, त्रिविको जमिन सरकारले क्याबिनेटको निर्णय गरी भिसीबाट खोसेर उनै भिसीलाई सम्पत्ति छानबिन आयोगमा उल्टै दोषी देखाएर डाम्दा कहाँ स्वायत्तता रहन्छ ? भन्ने प्रश्न गरे । कार्यक्रममा जनक लम्सालले त्रिविको भौतिक विषयको उपप्राध्यापक पदमा लोकसेवाले तयारपारेको असम्बिधत प्रश्नहरूले निकै विद्यार्थीहरू असफल भएको ब्ताए। ज्योतिबाबु पौडेल, भोलानाथ चालिसे, डा.प्रेमनारायण अर्याल, चिरञ्जीवी श्रेष्ठ, राजेन्द्र गौतमले, नरेन्द्र कोइराला, घमानसिंह खड्कालगायतले आ-आफ्नो धारण राखेका थिए । चिकित्सा अध्ययन संस्थान, त्रिविका सहायक डीन डा.अभिमन्यु झाले चिकित्सा अध्ययन संस्थान प्राइवेट र पब्लिक दुवैजस्तो रहेकोमा त्रिविले अनुगमण नै नगर्ने समस्या औंल्याउँदै मुक्त गराउने ल्याकत भएको भिसी नियुक्त हुनुपर्ने धारण राखे ।

*-इहिमालय टाइम्स डटकम*

# पाल्पाको रम्भामा यार्सागुम्बा जस्तै देखिने वस्तु फेला



**पाल्पा,** जेठ १८/जिल्लाको रम्भा गाउँपालिका -३, पिपलडाँडाको रिमिघा डाँडा (लेक) मा यार्सागुम्बाजस्तै देखिने वस्तु फेला परेको छ । उक्त क्षेमा झाडी सरसफाइ गरी सुन्तलाको बिरुवा लगाउन खाल्डो खन्ने

क्रममा यार्सागुम्बाजस्तै देखिने वस्तु फेला परेको हो । भेटिएको वस्तु यार्चा गुम्बा हो, हैन भन्ने विषयमा अनुसन्धान भइरहेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए । उनले भने "यार्सा जस्तै देखिन्छ तर त्यो यार्चा नै हो भनेर यकिन गर्न सकिएको छैन् । यार्सागुम्बा जस्तै देखिएपछि ल्याव परीक्षणका लागि प्रयोगशालामा पठाइएको छ ।" गाउँपालिकाले अहिले अध्ययन भइरहेकाले उक्त क्षेत्रमा प्रवेश निषेध गरेको छ । पालिकाले सूचना नै निकालेर रिमिघा क्षेत्रमा यार्सागुम्बा प्रजातिको जडिबुटी भेटिएको र सो ल्याव परीक्षणको कार्य जारी रहेकाले अर्को सूचना नभएसम्मको लागि उक्त क्षेत्रमा प्रवेश निषेध गरेको हो । सो सूचनाको अवज्ञा गरेमा प्रचलित कानुन अनुसार कारवाही हुने पालिकाले जनाएको छ ।

# यु-१४ का लागि लुम्बिनीबाट ७८ खेलाडी छनौट



**बुटवल,** जेठ १८/यु-१४ खेलकुद प्रतियोगिताका लागि लुम्बिनी प्रदेशबाट ७८ खेलाडी छनौट भएका छन् । बुटवलमा दुई दिनसम्म चलेको प्रतियोगिताबाट विभिन्न विद्याका ७८ जना खेलाडी तथा प्रशिक्षकहरु छनौट भएका हुन् ।

काठमाडौंमा हुने १४ वर्ष मुनिकाका लागि प्रदेश भरीका विभन्न विधाका ४ सय ५० विद्यार्थी खेलाडीहरुले गरेको प्रतिस्प्रर्धाका आधारमा खेलाडी छनोट भएका हुन् । यहि जेठ महिनाको २२ देखि २६ गतेसम्म राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा प्रतियोगिता हुन लागेको हो । उक्त प्रतियोगिताका लागि ७८ खेलाडीहरुको छनौट गरिएको नेपाल विद्यालय खेलकुद महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष लेखनाथ पौडेलले जानकारी दिए । प्रतियोगितामा चौध वर्ष मुनिका साढे चार सय विद्यार्थीहरुले ब्याटमिन्टन, टेवलटेनिस, बास्केटवल, एथलेटिक्स, रग्बी र क्रिकेट प्रतियोगिता भएका हुन् । ति प्रतियोगिताबाट छनौट भएका ७८ खेलाडी काठमाडौमा हुने यु-१४ विद्यालय खेलकुद प्रातियोगितामा प्रतिस्पर्धा गर्न जाने छन् । उक्त प्रतियोगिता अर्न्तगत क्रिकेटका लागि यु-१६ का खेलाडीहरुलाई छनोट गरिएको र सोही अनुसार प्रतिस्प्रर्धा पनि हुने अध्यक्ष पौडेलले बताए । नेपाल विद्यालय खेलकुद महासंघ लुम्बिनीका उपाध्यक्ष हेम थापाका अनुसार एथलेटिक्सतर्फ छात्र रिले र लङजम्पबाट ११ खेलाडी छनोट भएका छन् । यस्तै छात्र डवल छात्रा सिंगल टेवलटेनिसबाट ७ जना, छात्रछात्रा बास्केटबलबाट ९ जना, रग्वी छात्रछात्राबाट २६ जना, ब्याटमिन्टन छात्रछात्रा सिंगल डवलबाट ७ जना, क्रिकेट छात्रबाट १६ जना र टोलीनेता र उपनेता एकएक जना गरि ७८ जना छनौटमा परेका हुन् । नेपाल विद्यालय खेलकुद महासंघ लुम्बिनीकोको संयोजनमा बुटवलमा सम्पन्न छनौट प्रतियोगितामा प्याब्सन नेपाल, एन प्याब्सन र नेपाल शिक्षक महासंघले सहकार्य गरेको कोषाध्यक्ष हेमा बेल्बासेले जानकारी दिए ।

## खेलकुद समाचार

# वेस्ट इन्डिजलाई आईसीसीको जरिवाना



**काठमाडौं,** जेठ १८/अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले वेस्ट इन्डिजलाई जरिवाना गरेको छ । मे २९ मा बर्मिंमको एजबास्टनमा भएको घरेलु टोली इङगल्यान्डसँगको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा स्लो ओभर रेटका कारण आईसीसीले वेस्ट इन्डिजलाई जरिवाना गरेको हो । शाई होपको कप्तानीमा रहेको वेस्ट इन्डिज निर्धारित समयमा एक ओभर पछि परेपछि आईसीसी एलिट प्यानलका म्याच रेफ्री जेफ क्रोले प्रत्येक खेलाडीलाई खेल शुल्कको ५ प्रतिशत जरिवाना गरेका हुन् । यो जरिवाना खेलाडी र खेलाडी सहयोगी कर्मचारीहरूका लागि आईसीसी आचारसंहिताको धारा २.२२ अनुरूप छ जुन न्यूनतम ओभर-रेट अपराधहरूसँग सम्बन्धित छ । आईसीसीको नियम अनुसार कुनै पनि टोलीका खेलाडीहरूले तोकिएको समयभित्र बलिङ नसकेमा प्रत्येक ओभरका लागि उनीहरूलाई खेल शुल्कको ५ प्रतिशत जरिवाना गरिन्छ । पहिलो एकदिवसीय क्रिकेट इङ्ल्यान्डले २ सय ३८ रनले जितेको थियो । इङ्ल्यान्ड र वेस्ट इन्डिजबीचको ३ खेलको एकदिवसीय शृङ्खलाको दोस्रो खेल अहिले भइरहेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# डिजेल र पेट्रोलको मूल्य बढ्यो



**पाल्पा,** जेठ १८/नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर एक र पेट्रोलमा प्रतिलिटर २ बढाएको हो ।

निगमले तय गरेको नयाँ मूल्य देशभरका विभिन्न ठाउँ अनुसार लागू हुनेछ । पहिलो वर्गमा पर्ने चारआली, विराटनगर, वीरगञ्ज, जनकपुर, नेपालगञ्ज,भलवारी, नेपालगञ्ज र धनगढी क्षेत्रमा अब पेट्रोलको मूल्य प्रतिलिटर १ सय ५६ रुपैयाँ ५० पैसा पर्ने निगमले जनाएको छ । डिजेल -मट्टीतेलको प्रतिलिटर १ सय ४० रूपैयाँ ५० पैसा पर्नेछ । यस्तै दोस्रो वर्गमा पर्ने सुर्खेत र दाङ क्षेत्रमा पेट्रोलको भाउ प्रतिलिटर १ सय ५८ रुपैयाँ पर्ने र डिजेल-मट्टीतेलको प्रतिलिटर १ सय ४२ रूपैयाँ पर्ने निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । त्यस्तै तेस्रो वर्गमा पर्ने काठमाण्डौ, पोखरा र दिपायल क्षेत्रमा अब पेट्रोलको भाउ प्रतिलिटर १ सय ५९ रुपैयाँ पर्नेछ । डिजेल-मट्टीतेलको प्रतिलिटर १ सय ४३ रूपैयाँ पर्नेछ । त्यस्तै हवाई इन्धनको मूल्य भने घटेको छ । निगमले उपलब्ध गराएको विवरण अनुसार, आन्तरिकतर्फ ३ रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रति किलोलिटर २२ अमेरिकी डलरले घटाइएको छ । अन्तरराष्ट्रियतर्फको हवाई इन्धन प्रतिकिलोलिटर काठमाडौंमा अमेरिकी डलर नौ सय १, पोखरामा सात सय २१ र भैरहवामा सात सय ६ तोकेको छ । इन्डियन आयल कर्पोरेसशनबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार डिजेल, मट्टितेल र पेट्रोलको मूल्य बढेर तथा हवाई इन्धनको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

# माछा मारेर गर्जो...

ज्यालादारीको पैसा पनि नउठ्ने भएकाले कमै मात्रामा माछा मार्ने गरेको उनी सुनाउँन्छन् । सुग्रीम सारूको समस्या पनि उस्तै छ । माडीफाँटका खेतमा माछा मार्दै आएका उनी अहिले माछा नै नपाउने बताउन्छन् । विषादीको प्रयोगले माछा नष्ट हुनु, करेन्ट लगाएर माछा मार्ने गरेकाले माछा नै नपाइएको उनको भनाइ छ । "पहिला एकाध घन्टामा दुई-तीन किलो माछा मार्थ्यौं, अहिले दिनभरि मानो पनि मुस्किलले पर्छ । कहिले त एकाध पाउ मारेर घर फर्किने गरेको छु," उनी सुनाउँन्छन् । माडीफाँटको बीच भाग भएर तिनाउ नदीमा मिसिने धेरै खोलामा खोलामा करेन्ट लगाउने, जथाभावी रूपमा किटनाशक विषादीको अन्धाधुन्ध प्रयोग गरेका कारण माछासँगै गङ्गटासमेत समाप्त भएको स्थानीय हरिबहादुर कुमाल बताउन्छन् । "खोलामा जथाभावी विषादीका कारण जलचर प्राणी नै समाप्त भयो । खोलामा विषादीका कारण माछा समाप्त भएपछि खेतमा कसरी हुन्छ ?" कुमालले भने । बाहिरबाट आएर केही व्यक्तिले विषादी राख्ने र करेन्ट लगाएर मार्ने गरेका कारण यहाँका जलचर सङ्कटमा परेका हुन् । स्थानीयले खबरदारी गरेपछि बाहिरबाट आएर विषादीको प्रयोग गर्नेको सङ्ख्या कम हुँदै गएको स्थानीय शिवप्रसाद श्रेष्ठ बताउन्छन् । खेतमा माछा हराउनुको मुख्य कारण गङ्गटा, झार नियन्त्रणका लागि विषादीको प्रयोग बढेसँगै जलचर प्राणी नष्ट भएको उनको बुझाइ छ । खेतमा धानको बोट कलिलो अवस्थामै गङ्गटाले काटिदियो भनेरै रोपाइँमै विषादीको प्रयोग बढेकाले यस्तो समस्या आएको कृषिविद् राजेन्द्र कोइरालाले बताए । "पछिल्लो समयमा किसानले जैविक वनस्पतिक विषादीको तुलनामा किटनासक, जीवनासक विषादीको प्रयोग बढी नै गर्दा जलचर प्राणी नष्ट भएको हो," उनले भने, "रोपाइँ गरेका केही दिनपछि गङ्गटाले हैरानी गर्थ्यो । गङ्गटा नियन्त्रणका लागि खेतको गरा गरामा खिर्रोको पात राख्ने चलन थियो । यसले पनि नियन्त्रणका लागि सघाउ पुग्थ्यो । खेतमा गङ्गटा छोपेर सकिँदैन थियो, तर नियन्त्रण हुन्थ्यो । रोपाइँ सकेको दुई चार दिनमा चिउरीको खली प्रयोग गर्दा राम्रोसँग नियन्त्रण हुन्थ्यो ।" विषादीको प्रयोगका कारण जिव र किट नाश हुन्छ । तर यसले वातावरणीय क्षेत्रमा कस्तो असर गर्दछ भन्ने विषयमा प्रयोगकर्ताले ख्यालै राख्दैनन् । जलचर संरक्षण ऐन, २०१७ मा नदी तथा खोलामा गैरकानुनी रूपमा माछा मारे, विष हाले, करेन्ट लगाएर माछा मारे पाँच हजार रूपैयाँको जरिवानादेखि ६ महिनासम्मको कैद सजाय हुन सक्ने व्यवस्था छ । यसको कार्यान्वयन भने भइरहेको छैन । कतिपय खोलामा पानीको मात्रा घटेर पनि जलचरको सङ्ख्यामा कमी आएका छन् ।

*-रासस*


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई